नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ

फोन : ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
gmail: pmamp.piu.rupandehi@gmail.com
website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## प्रस्ताव आहवान सम्बन्धी सूचना

सुचना नं. ११/०७९/८०

सूचना प्रकाशित मिति : २०७९/०८/११

यस एकाइको चालु आ.व.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्रमा तपशिलका कार्यक्रम संचालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) हरुले निम्न आवश्यक कागजात सहित मिति २०७९ पुस ११ गते भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै कार्यक्षेत्र एवम् प्रस्तावको लागि न्यूनतम मापदण्ड सम्बन्धी जानकारी कार्यालयको वेबसाइट तथा कार्यालयमा सम्पर्क गरी प्रास गर्न सकिनेछ।

तपशिलः

| क्र. सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत वजेट (रु. लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग | ३ पटक | ३० | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भर (सुपर जोन/जोन क्षेत्र भित्रका अनुदानग्राहीहरुलाई प्राथमिकता) | वसन्ते मकै, चैते धान, केरा तथा लहरे तरकारी बाली लगायतका अन्य नगदे बालीको एकल बालीमा चक्लाबन्दी खेती संचालनको लागि परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने । |
| २ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि पूँजिगत सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गहा सुधार) | १ पटक | १५ | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भर (सुपर जोन/जोन क्षेत्र भित्रका अनुदानग्राहीहरुलाई प्राथमिकता) | चक्लाबन्दी खेती गर्न यन्त्र मैत्री गहा सुधार तथा यान्त्रिकरण मेशिनरीको लागि पूँजिगत सहयोग (खाद्यान्न (वसन्ते मकै र चैते धान), दलहन, तरकारी तथा फलफूल बाली आदि) (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भएँ बमोजिम हुने) |
| ३ | भण्डारण , प्रथामिक प्रशोधन वा प्रशोधन उधोग/स्थापना | १ वटा | ३० | रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्र भित्र | भण्डारण प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापनाका लागि पूर्वाधार तथा प्रशोधन सम्बन्धि मेशिनरी/उपकरणहरु (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ४ | मत्स्य नश्ल सुधारको लागी शुद्ध नश्लका माउ माछा सहयोग (कमनकार्प, ग्रासकार्प, सिल्भर कार्प, बिगहेड कार्प) | ३ पटक | ४.५ | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा शुद्ध नश्लका माउ माछामा अनुदान सहयोग (परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम हुने) |
| ५ | सुपरजोन प्रभाव क्षेत्रमा मत्स्य क्षेत्रफल विस्तार | २४ हेक्टर | ७२ | माछा सुपरजोन, रुपन्देहीको कार्यक्षेत्र भित्र | सुपरजोन प्रभाव क्षेत्रमा कम्तीमा एउटा क्लष्टरमा ६ कठ्ठा मत्स्य जलाशय पुग्ने क्षेत्रफल विस्तारका लागि प्रति कठ्ठा जलाशय क्षेत्रफलको बढिमा रु. १०,०००/- अनुदान सहयोग |
| ६ | जोन क्षेत्रका कृषकहरुलाई सहुलियतमा कृषि यन्त्रको पहुँच पुर्याउन कष्टम हायरिंग सेन्टर स्थापना | १ वटा | २० | केरा जोन, नवलपरासी ब. सु. प. कार्यक्षेत्र भित्र | केरा जोन प्रभाव क्षेत्रमा कष्टम हायरिंग सेन्टर स्थापनाका लागि बढिमा ५० % अनुदान सहयोग |
| ७ | जोन प्रभाव क्षेत्रमा केराको क्षेत्रफल विस्तार | १०० हेक्टर | ४० | केरा जोन, नवलपरासी ब. सु. प. कार्यक्षेत्र भित्र | केरा जोन प्रभाव क्षेत्रमा केराको सूचिकृत गुणस्तरीय विरुवामा बढिमा ५० % अनुदान सहयोग |

आवश्यक कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँसेको निर्धारित ढांचाको आवेदन सहित रितपूर्वक भरेको प्रस्ताव माग फारम ।
२. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (माछा वा कृषि) को वैठकबाट आवेदन पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) को दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति /कृषि उद्यमी (फर्म)को आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि ।
६. क्र.सं. १, २ र ३ को हकमा लागत सहभागीताको सुनिश्चितताको प्रतिवद्धता पत्र।

नोटः थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

" आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण "

नारायण ...
वरिष्ठ कृषि अधिकृत
(का.मु. प्रा.)